श्री

आज मिति २०८२/०६/२६ गतेका दिन यस पालारानी गाउँ कार्यपालिकाको ६६ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोख्रेल | उपाध्यक्ष | |
| ३ | १ | श्री दुँधिराम आचार्य | सदस्य | |
| ४ | २ | ~~श्री योगेन्द्रनाथ भुसाल~~ [illegible] | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोख्रेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोख्रेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | ६ | श्री नुम ब. घर्ती मगर | का.वा.अध्यक्ष | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१- नेत्र प्रसाद खनाल - प्रशासकीय अधिकृत

२- पदम आचार्य - [illegible]

३- शेरबहादुर खनाल - का.स. -

मालारानी गाउँपालिका, अर्घाखाँची
गाउँ कार्यपालिकाको ६५औं बैठक

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२।०६।२६
समय: बिहान १०.०० बजे
बैठकका प्रस्तावहरु

१ ६५ औं बैठकको समिक्षा सम्बन्धमा।
२ हालसम्मको आय व्ययको विवरण सम्बन्धमा।
३ खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि,२०८२ सम्बन्धमा।
४ पूर्ण सरसफाई अभियानको समिक्षा सम्बन्धमा सम्बन्धमा।
५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा
६ संन्सा फिल्मस् को निवेदन सम्बन्धमा
७ मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत निर्देशक समितिको निर्णय अनुमोदन सम्बन्धमा
८ व्यवशाय नविकरण सम्बन्धमा
९ आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा
१० विविध/ समसामयिक विषयहरु सम्बन्धमा।

वैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ६५ औं बैठकको समिक्षा। | अघिल्लो बैठकवाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८२।०५।२३ गतेको गाउँ कार्यपालिका बैठकवाट भएका निर्णयहरु क्रमश समिक्षा गर्दा सबै कार्यान्वयन भएकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। साथै वार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा गरिएको प्रतिवद्धताको सन्दर्भमा छलफल गर्दा तोकिएको समयसिमा भित्र सबै पक्षले आ- आफ्नो कार्यसम्पादन गर्ने/ गराउनको लागि निर्देशन गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८२।८३ का लागि गाउँसभाबाट विनियोजित रू ६३ करोड ४६ लाख ४१ हजार मध्ये हालसम्म आम्दानी २२.०९ प्रतिशत आय भई चालुतर्फ २०.१४ प्रतिशत र पुँजीगत बजेट तर्फ २.८१ प्रतिशत गरी जम्मा १५.५९ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि,२०८२ सम्बन्धमा। | खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि,२०८२ विधेयक समितिबाट सिफारिस भई प्राप्त हुन आएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने। | यस गाउँपालिकाको लागि आवश्यक भई विधेयक समितिबाट सिफारिस संलग्न अनुसारको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि,२०८२ लाई स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल वहादुर भट्टराई
अध्यक्ष

CamScanner

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त ब्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | पूर्ण सरसफाई अभियानको समिक्षा सम्बन्धमा सम्बन्धमा । | आ.व.२०८१।०८२ देखि पूर्ण सरसफाई उन्मुख वडा तथा गाउँपालिका घोषणाको लागि सन्चालन गरिएको अभियानमा भएको कार्य प्रगति गाउँ कार्यपालिकामा समिक्षा हुनुपर्ने । | यस गाउँपालिकामा आ.व.२०८१।०८२ देखि पूर्ण सरसफाई उन्मुख वडा तथा गाउँपालिका घोषणाको लागि सन्चालन गरिएको अभियानको वडा गत रुपमा क्रमश छलफल गर्दा वडा नं. २ र ७ ले सबै सूचकहरु पुरा गरिसकेको अवस्था देखियो । उक्त वडाहरुमा गाउँ पालिकास्तरबाट अनुगमन गरी सबै सूचकहरु पुरा भएको देखिएमा उक्त सरसफाई अभियमानको कार्यक्रमलाई आगामी दिनहरुमा दिगो व्यवस्थापन हुने गरी २०८२ मंशिर महिना भित्र घोषणाको लागि थप आवश्यक प्रक्रिया सम्बन्धित वडाले अगाडि बढाउने र अन्य वडाहरुले सबै सूचकहरु पुरा गर्नको अभियानलाई थप तिव्रता दिने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.११२ मिति२०८२।०६।०८ को निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा बिषयक पत्रको जानकारी गाउँ कार्यपालिकामा पेश गर्दा सान्दर्भिक हुने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.११२ मिति२०८२।०६।०८ को निर्णय कार्यान्वयन गर्ने/ गराउने सम्बन्धमा विषयक पत्रसाथ संलग्न रहेको अर्थ मन्त्रालयको च.नं.११८ मिति २०८२।०६।०७ विभिन्न १० वटा क्षेत्रमा रहेका बुँदामा उल्लेखित बिषयहरु बैठकमा प्रस्तुत भई छलफल भयो । छलफलको क्रममा खर्च कटौती हुन सक्ने शिर्षकहरुको अध्ययन गरी कार्यालयबाट विवरण तयार गरी पेश गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ६ | संन्सा फिल्मस् को निवेदन सम्बन्धमा | संन्सा फिल्मस् ले मिति २०८२।६।१२ गते मालारानी मन्दिरलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थप परिचित बनाउन, धार्मिक पर्यटनको सम्भावना उजागर गर्न मालारानी मन्दिर परिसरमा भजन गीत छायाङ्कन कार्यक्रमको लागि आर्थिक सहयोग माग भई निवेदन पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | संन्सा फिल्मस् को मिति २०८२।६।१२ गतेको निवेदन अनुसार मालारानी मन्दिर परिसरमा संस्कृति तथा पर्यटन प्रवर्द्धनको लागि मालारानी मन्दिरलाई लक्षित गरी मिति २०८२।०६।१३ गते सम्पन्न लोक भजन गीत छायाङ्कन कार्यक्रम वापत माग भएको आर्थिक सहयोग रकम उपलब्ध गराउने बिषयमा स्रोतको खोजी गरी आगामी बैठकमा छलफल गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल वहादुर भट्टराई
अध्यक्ष

CamScanner

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| [illegible] | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| [illegible] | निर्देशक समितिको निर्णय अनुमोदन सम्बन्धमा। | मालारानी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०८० र सो सम्बन्धीको कार्यविधि बमोजिम यस गाउँपालिकामा हेफर प्रोजेक्ट नेपालको लागत साझेदारीमा सन्चालित मालारानी कृषि तथा पशु उद्यमशिलता परियोजना सन्चालन र व्यवस्थापनको लागि गठित निर्देशक समितिको मिति २०८२।०६।२६ गतेको बैठकबाट गाउँ कार्यपालिकामा सिफारिस भएका निर्णयहरु अनुमोदन हुनुपर्ने कानुनी व्यवस्था भएको। | निर्देशक समितिको मिति २०८२।०६।२६ गतेको बैठकबाट " यस गाउँपालिका अन्तरगत मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सन्चालनका लागि हेफर प्रोजेक्ट नेपाल/ RCHDC सँग मिति २०८०।०८।२२ मा भएको सम्झौता अनुसार आ.व.२०८२।०८३ का लागि गाउँपालिकाबाट स्वीकृत बजेट रु. ८०,००,०००।०० अन्तर्गत पहिलो चौमासिक अवधिको पहिलो किस्ता वापतको ३० प्रतिशत रकम रु. २४,००,०००।०० पेश्की निकास माग गरी सो बजेटबाट सन्चालन हुने क्रियाकलापहरु संलग्न राखी मिति २०८२।०६।०७ मा निवेदन पेश गरेको बिषयमा छलफल गर्दा उल्लेखित क्रियाकलापहरु परियोजनाका क्रियाकलापहरु भएकोले समयमै पेश्की फछर्यौट गर्ने गरी सम्झौता बमोजिम पहिलो किस्ता वापत रु. २४,००,०००।०० मात्र उक्त प्रोजेक्टको नाममा पेश्की निकासा गर्नको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।" भन्ने निर्णय भएकोले उक्त निर्णय अनुमोदन गरी उल्लेखित रकम प्रोजेक्टको नाममा पेश्की स्वरुप उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ८ | व्यवशाय नविकरण सम्बन्धमा | गाउँपालिकामा दर्ता भएका व्यवशाय/ संघ संस्थाहरुको नविकरण २०८२ असौज मसान्त सम्म गर्नुपर्ने र सो अबधिभित्र नगरेमा थप जरिवान लाग्ने कानुनी व्यवस्था भएको र हाल देशमा उत्पन्न भएको बिषम परिस्थिति एवं राजश्व संकलन गर्ने सर्वरले करिव एक हप्ता काम नगर्दा सबै व्यवशायहरु समयमै नविकरण हुन नसकेको अवस्थामा जरिवाना विना नविकरणको लागि केही समय थप गर्न गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | यस गाउँपालिकामा दर्ता भएका व्यवशाय/ संघसंस्थाहरुको आ.व.२०८२।०८३ को नविकरणको म्याद २०८२ असोज मसान्त सम्म भएकोमा हाल देशमा उत्पन्न भएको बिषम परिस्थिति एवं राजश्व संकलन गर्ने सर्वरले करिव एक हप्ता काम नगर्दा सबै व्यवशायहरु समयमै नविकरण हुन नसकेको अवस्थामा जरिवाना विना नविकरणको लागि मिति २०८२ कार्ति १४ गते सम्मको लागि म्याद थप गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा | औषधी उपचारको लागि आर्थिक सहयोग माग भई आवश्यक कागजातहरु सहित निवेदनहरु पेश भएकोमा आर्थिक सहयोगको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | वडा नं. ३ निवासी पुष्पा सुनारको छोरा आशिष सुनारलाई निमोनियमा रोग उपचारको लागि रु. २००००।००( वीस हजार) र वडा नं ५ निवासी रोमा कुमारी खनाललाई आँखा उपचारको लागि रु.१००००।००( दश हजार) आर्थिक सहयोग रकम उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई

CamScanner